स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रदीप खड्काको शीर्ष भूमिका रहने फिल्म 'क्यामिनो'मा आना शर्मा जोडिएकी छन् । निर्देशक दीपक वलीले अभिनेत्री शर्मासँग फिल्मबारे मौखिक सहमति भएको र केही दिनमा लिखित सम्झौता हुने जानकारी दिए । यसअघि नीति शाहले फिल्म छाडेपछि निर्माताले नयाँ अभिनेत्रीको खोजी थालेका थिए । जसमा अभिनेता दिलीप रायमाझीकी छोरी दिव्या र आनासँग कुराकानी भएको थियो । तर आनालाई लिने सहमति जुटेको निर्देशक वलीले बताए ।

आजको विचार...



विष्णुप्रसाद खनाल


राजनीतिमा...
(दुई पेजमा)



बलिउडका प्राय: सेलिब्रेटीका लागि विदा मनाउने आकर्षक गन्तव्य बनेको माल्दिभ्स नेपाली सेलिब्रेटीहरुको पनि रोजाई बनिरहेको छ । बलिउडमा प्रवेश गर्न वर्षौंदेखि मुम्बईमा संघर्षरत अभिनेत्री अदिती बुढाथोकीको लागि त माल्दिभ्स पानी पँधेरो नै भैसकेको छ । उनी अक्सर 'रिफ्रेस' हुन माल्दिभ्स पुगेकी हुन्छिन् । र, त्यहाँको समुन्द्री किनारमा उनी आफूलाई नयाँ अवतारमा प्रस्तुत गर्छिन् । गत वर्ष फिल्म 'बाबरी' प्रदर्शनपछि मुम्बई उडेकी उनले केही हिन्दी म्यूजिक भिडियो र एक बेव सिरिजमा काम गरेपछि 'रिफ्रेस' हुन पुन: माल्दिभ्स पुगेकी छन् ।

❒ वर्ष २९ ❒ अंक २२ ❒ २०८० साउन २२ गते सोमबार 7 August 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## एनजेडीको नजर !



## घर, टहरा भत्काइएको क्षेत्र बन्यो पार्किङ्ग स्थल

तानसेन नगर सरकारले ऐतिहासिक पाल्पा दरबार क्षेत्र वरपरका घर, टहरा भत्काएपछि बनेको पार्किङ्ग स्थल । नगर सरकारले तानसेनको मुटुमा रहेको दरबारलाई सुन्दरता प्रदान गरी विश्व पर्यटकीय गन्तव्यको रुपमा अगाडि बढाउने उद्देश्यले वैशाख ६ गते यहाँका ५७ घर, टहरा भत्काएको थियो । घर, टहरा भत्काइएपछि यहाँ जथाभावी रुपमा सवारी पार्किङ्ग र फुटपाथ व्यापार गर्ने गरिएको छ । जसका कारण दरबार वरपरको क्षेत्र कुरुप देखिएको छ । दरबार क्षेत्रलाई सुन्दरता प्रदान गर्ने भनिए पनि यस्ता गतिविधिले भने नगर सरकारको कार्यप्रति शंका उत्पन्न गराएको छ । *-तस्वीर : जगदीश भट्टराई/एनजेडी*

### सक्षिप्त समाचार

## रेल दुर्घटना पन्ध्र जनाको मृत्यु



रासस/एएफपी

**कराँची,** साउन २१/दक्षिणी पाकिस्तानमा रेल दुर्घटना हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने ४५ जना घाइते भएका छन् । कराँचीबाट एबोटाबादतर्फ गइरहेको हजारा एक्सप्रेस दक्षिणी सिन्ध प्रान्तको नवाबशाह शहरको सहारा रेलवे स्टेशन नजिकै पटरीबाट खस्दा उक्त हताहति भएको रेलमन्त्री ख्वाजा साद रफिकले पत्रकारलाई बताए ।

उद्धार टोलीहरू घटनास्थलमा पुगेका तथा थप टोलीलाई पनि घटनास्थलमा परिचालन गरिएको जानकारी उनले दिएका छन् । दुर्घटनाग्रस्त रेलका आठ डिब्बा पटरीबाट खसेका रेलवेका अधिकारी मोहसिन सियालले बताएका छन् । प्रान्तीय रेलवे अधिकारी इजाज शाहले यात्रीलाई गन्तव्यसम्म पुर्‍याउन अर्को रेल पठाइएको छ । सन् २०२१ को जुनमा सिन्धको डहरकी नजिक दुईवटा रेल एक आपसमा ठोक्किँदा ६५ जनाले ज्यान गुमाएका थिएभने एक सय ५० जना घाइते भएका थिए । सन् २०१९ को अक्टोबरमा तेजगाम एक्सप्रेसमा आगलागी हुँदा ७५ यात्रुको ज्यान गएको थियो ।

## रामपुरमा जेष्ठ नागरिकहरुको भेला, उमेर मिल्नेहरु भेट हुँदा उत्साहित

**पाल्पा,** साउन २१/जिल्लाको रामपुरमा जेष्ठ नागरिकहरुको भेला भएको छ । जेष्ठ नागरिक समन्वय समिति रामपुर-६, पाल्पाले जेष्ठ नागरिकहरु समाजका पथप्रदर्शक रहेको भन्दै उनीहरुलाई एक ठाउँमा भेला गराएको हो । भेलामा नगरभित्रका



६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु सहभागी रहेका थिए । उमेर मिल्ने जेष्ठ नागरिकहरु भेट हुँदा उनीहरु एक अर्कासँग सुख दु:ख साट्ने काम गरेका थिए । भेलाले आफुहरुलाई सुख, दु:ख साँट्ने चौतारी बनाएको भन्दै उनीहरु उत्साहित बने । भेलालाई सम्बोधन गर्न पुगेका रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले जेष्ठ नागरिक भगवान भएको बताए । जेष्ठ नागरिकहरुको आर्शिवाद ग्रहण गर्दै उचित हेरचाह गरेर अघि बढ्नु प्रत्येक सन्तानको कर्तव्य रहेको उनले औल्याए । नगर प्रमुख थापाले भने 'जीवनचक्रको क्रममा हामी सबैलाई एक दिन बुढ्यौलीले छुन्छ, वर्तमानमा अभिभावकको हेरचाह गर्न सके भविष्यमा पनि आफ्ना सन्तानबाट उचित रेखदेख पाइन्छ ।' रामपुर नगरपालिकाले जेष्ठ नागरिकहरुको लागि रामघाट धाममा जेष्ठ नागरिक ग्रामको निर्माण गरिरहेको उनले बताए । आफ्ना अनुभव साट्न तथा भजन कृतनमा रम्नका लागि ग्रामसम्म जान र आउनको लागि नगरले बस समेत सञ्चालन गर्ने योजना बनाएको नगर प्रमुख थापाको भनाई छ ।

जेष्ठ नागरिक संघ पाल्पाका सभापति देवराज ढकालले जेष्ठ नागरिक अनुभव, ज्ञान र भोगाईका खानी भएको भन्दै नयाँ पुस्ताले जेष्ठ नागरिकहरुबाट धेरै सिक्न सक्ने धारणा व्यक्त गरे । सुकुम्वासी समस्या समाधान आयोगका पूर्व केन्द्रीय सदस्य लेखनाथ पोखरेलले जेष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता वितरण वैज्ञानिक आधारमा हुनुपर्ने बताए । कार्यक्रममा रामपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत चेमन प्रकाश पोखरेल, नेपाली काँग्रेस रामपुर नगर सभापति नेत्र प्रसाद भट्टराई, नेकपा एमाले रामपुर नगर कमिटी अध्यक्ष विष्णुप्रसाद रेग्मी, नेकपा माओवादी केन्द्र रामपुर नगर कमिटी अध्यक्ष यमबहादुर सुनार, राष्ट्रिय जनमोर्चा रामपुरका नगर अध्यक्ष रामप्रसाद गैरे, रामपुर नगरपालिका कार्यपालिका सदस्य शारदा आचार्य र रामपुर ६ का पूर्व वडा अध्यक्ष हुमनाथ न्यौपानेले जेष्ठ नागरिकहरुको योगदान बाटै समाज परिवर्तन सम्भव भएकाको बताउँदै हाम्रो संस्कृति र संस्कार, जेष्ठ नागरिकबाट हामीले धेरै सिक्न आवश्यक रहेको बताए । सोही अवसरमा ८४ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई सम्मान समेत गरिएको थियो । यस्तै भेलाले कृष्णप्रसाद अर्यालको सभापतित्वमा ११ सदस्य जेष्ठ नागरिक संघ रामपुर ६ गठन गरेको छ ।

संघको उपसभापतिमा हुमा देवकोटा, सचिवमा घनश्याम देवकोटा, कोषाध्यक्षमा ईन्द्रकुमारी पौडेल रहेका छन् । यस्तै सदस्यहरुमा मेधनिलाल पंगेनी, थिरलाल ढकाल, तुल्सीप्रसाद भण्डारी, नारायणबहादुर कुमाल, दामोदर भण्डारी, यज्ञप्रसाद आचार्य रहेका छन् । सल्लाहाकारहरुमा दिननाथ भण्डारी, रामप्रसाद उपाध्याय, हुमनाथ न्यौपाने चयन भएका छन् । पण्डित दिननाथ भण्डारीले पुरुषोत्तम महात्म्यको बारेमा संक्षिप्तमा जानकारी गराएका थिए । समितिका अध्यक्ष कृष्णप्रसाद अर्यालको अध्यक्षता, उपाध्यक्ष हुमा देवकोटाको स्वागत र सचिव घनश्याम देवकोटाको सञ्चालनमा भेला भएको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

यस तानसेन खानेपानी उपभोक्ता समितिको मिति २०८० साल श्रावण महिनाको १९ गते बसेको कार्य समितिको बैठकको निणर्य अनुसार धारा नामसारी गर्न ईच्छुक उपभोक्ताहरुले मिति २०८० साल भाद्र २५ गते भित्र यस कार्यालयमा सर्म्पक गरी आवश्यक कागजातहरु पेश गरी नामसारीको लागि निबेदन दिनुहुन जानकारी गराईन्छ । साथै निवेदन दैनिक रुपमा दर्ता गरेता पनि यस समितिको निकट भविश्यमा हुने मतदानमा भाग लिन तथा उम्मेदवार हुन २०८० भाद्र २५ गते सम्म निबेदन दर्ता गराउनुहुन समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

अनुरोधक
**मोहन प्रसाद श्रेष्ठ**
अध्यक्ष
**तदर्थ समिति एवं**
**तानसेन खानेपानी उपभोक्ता समिति परिवार**
सम्पर्क नं. : ०७५-५२२०८७

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लामखुट्टेको टोकाइबाट बचौं

पानी पर्न सुरु भएदेखि डेंगीका विरामी बढ्दै गएका छन् । देशभरका जिल्लाहरुमा डेंगीका विरामीहरु बढेका छन् । यो मौसममा बढी सचेत र सजग हुनुपर्छ । अहिले डेंगु महामारी ६९ जिल्लामा प्रवेश गरिसकेको छ । गर्मीयामको चरमोत्कर्ष बाँकी नै छ । मनसुनी याम असोजसम्मै रहन्छ, त्यतिबेलासम्म डेंगुको डर जाँदैन, लामखुट्टे सक्रिय भइरहन्छ । एडिस जातिका पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये एक डेंगु पनि हो । डेंगी भाइरसबाट लाग्ने र एक व्यक्तिबाट अर्को व्यक्तिमा लामखुट्टेको सहायताबाट सर्ने रोग हो । त्यसैले लामखुट्टेको वृद्धि तथा विकासलाई नियन्त्रण गर्न नसक्दासम्म डेंगी रोकथाम र नियन्त्रण गर्न गाह्रो हुन्छ । डेंगीबाट बच्ने एकमात्र उपाय भनेकै लामखुट्टेको टोकाइबाट जोगिनु हो । लामखुट्टे हुर्किने ठाउँ कम गर्ने, लामखुट्टेको लार्भा नष्ट गर्ने र घरवरपर सफासुग्घर राख्ने गरेमा लामखुट्टेले सार्ने रोगबाट बच्न सकिन्छ । डेंगी सार्ने लामखुट्टे सफा पानीमा बस्ने, सफा पानीमा आफ्नो अण्डा उत्पादन गर्ने अनि आफ्नो जीवनचक्र पूरा गर्ने भएको हुनाले घर वरिपरि, कार्यस्थलमा, कहीँ पनि सफा पानी जम्मा भएको छ, धेरै दिनदेखि नचलाई त्यत्तिकै स्थिर बसेको छ भने त्यस्तो अवस्थामा हामी सजग तथा सचेत हुनुपर्छ । दिनहुँ डेंगु संक्रमितहरु बढ्दै गएपनि सुरक्षा सतर्कतामा भने ध्यान दिएको देखिँदैन ।

लामखुट्टेको टोकाइबाट बच्नु सबैभन्दा ठूलो उपाय हो । यसका लागि हामीले कार्यस्थलमा रहँदा, घरपरिवारमा रहँदा सबै शरीर ढाक्ने कपडा प्रयोग गर्ने, सुत्दा दिउँसो भएपनि झुलको प्रयोग गर्नुपर्छ । यो लामखुट्टे हामीले थाहा नपाउने गरी हाम्रो घर वरिपरि प्रशस्त रहेको हुन्छ । घरमा राखेको थोरै फूलदानीमा यसले आफ्नो जीवनचक्र पूरा गर्नसक्छ । कुलरमा, एसीमा जमेको पानीमा अथवा फ्रीजमा जमेको पानीमा पनि यो सजिलै रहनसक्छ । यस्तो अवस्थामा हामी बढी सचेत रहनुपर्छ । आफ्नो घर वरिपरी, छतमा पानी ट्यांकी, ड्रम छ भने त्यसलाई बिर्को लगाएर राख्ने वा छोप्ने, ढाक्ने काम गर्न सक्यौं भने लामखुट्टे नियन्त्रण गर्न सकिन्छ र लामखुट्टे नियन्त्रण भयो भने डेंगीको रोकथाम र नियन्त्रण गर्न सहज हुन्छ । यसर्थ लामखुट्टेको टोकाइबाट बच्ने कुरामा ध्यान दिनु अहिलेको आवश्यकता हो ।

### Opinion @ Social Network

रोजेको र खोजेको कहाँ पाइन्छ र जिन्दगीमा
जे जस्तो छ टालटुल पारेर चिट्टिक बनाउन सिक्नुपर्छ ।
*(लिजा चौहानको फेसबुक स्टाटसबाट www.facebook.com//liza.chauhan)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिमा दर्शन र सिद्धान्तको कार्यान्वयन हुँदैन



**विष्णुप्रसाद खनाल**

**हाम्रा पूर्वजहरूबाट अनौपचारिक रूपमा सुरु भएको राजनीतिक खेल आज अनौपचारिकताबाट औपचारिकतामा प्रवेश गर्दै उच्चतम विन्दुमा पुगेको अवस्था छ । पूर्वऐतिहासिक युग, प्रारम्भिक इतिहास, मध्यपूर्ण तथा मेडिरियनको अवस्था, मेसोपोटामियनको शासन, ग्रिक शासन, रोमन शासन तथा भारतीय उपमहादीप माथि गरिने शासन व्यवस्थालाई राजनीतिक इतिहाससँग जोडेर हेर्न सकिन्छ । नेपालको सन्दर्भमा सत्ता सञ्चालनको दौडधुप शाहकालभन्दा अगाडिदेखि नै भए पनि व्यवस्थित रूपमा सत्ता सञ्चालनको प्रवृत्ति तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाह र उनले सुरु गरेको नेपाल एकीकरणको यात्राबाट प्रारम्भ भएको थियो । शाहकालीन तथा राणाकालीन समयमा कुनै राजनीतिक दलहरू थिएनन्, शासन सत्ता केन्द्रमा मात्र सीमित थियो र शक्ति पनि एउटै परिवारभित्र सीमित थियो ।**

राज्य सञ्चालनको मुख्य नीति अर्थात् राजनीति विभिन्न दर्शन, सिद्धान्त र मूल्यमान्यतामा आधारित हुन्छ । विश्व राजनीतिक इतिहास विभिन्न खाले दर्शन र मान्यताको आधारमा विकशित भएको हो । हुन त, राजनीतिक इतिहास मानवनिर्मित राजनीतिक सत्ताको सञ्चालन र व्यवस्थापनको एउटा प्रक्रिया हो । राजतन्त्रात्मक व्यवस्था वा गणतन्त्रात्मक व्यवस्था जे भए पनि आजभोलि राजनीति जनतामाथि गरिने शासनको एउटा नीति बनेको छ जुन आफैंमा गलत छ । राजनीतिक इतिहास मानव इतिहाससँग पनि जोडिन्छ तर यसलाई देशहरूको राजनीतिक विभाजनको इतिहासँगै अध्ययन गर्दा प्रभावकारी हुन्छ । प्रथम विश्वयुद्ध (सन् १९१४ देखि सन् १९१८) भन्दा अगाडि फरक फरक दृष्टिकोणहरू रहने गरे तापनि प्रथम विश्वयुद्ध पनि शक्तिकेन्द्रहरूमा आएको परिवर्तन तथा सन् १९३० को दशकमा आएको आर्थिक मन्दी र सन् १९३९ देखि १९४४ सम्म चलेको दोस्रो विश्वयुद्धपश्चात राजनीतिक विश्वमा साम्यवादको नारा बोकेको कम्युनिस्टहरू कमजोर बन्दै गए भने प्रजातन्त्रको वकालत गर्ने पुँजीवादीहरू झन बलियो बन्दै गएका छन् । पहिले पहिले सत्ता कब्जा गर्ने प्रक्रियामा विभिन्न समूह हुने गर्दछ । एउटा राज्यले अर्को राज्यमाथि शासन गर्ने प्रवृति भए तापनि त्यस बेला राजनीतिक दलको विकास भएको थिएन । राजनीतिक दर्शन बुझ्न राजनीतिक इतिहास बुझ्नु जरुरी छ । हाम्रा पूर्वजहरूबाट अनौपचारिक रूपमा सुरु भएको राजनीतिक खेल आज अनौपचारिकताबाट औपचारिकतामा प्रवेश गर्दै उच्चतम विन्दुमा पुगेको अवस्था छ । पूर्वऐतिहासिक युग, प्रारम्भिक इतिहास, मध्यपूर्ण तथा मेडिरियनको अवस्था, मेसोपोटामियनको शासन, ग्रिक शासन, रोमन शासन तथा भारतीय उपमहादीपमाथि गरिने शासन व्यवस्थालाई राजनीतिक इतिहाससँग जोडेर हेर्न सकिन्छ ।

नेपालको सन्दर्भमा सत्ता सञ्चालनको दौडधुप शाहकालभन्दा अगाडिदेखि नै भए पनि व्यवस्थित रूपमा सत्ता सञ्चालनको प्रवृत्ति तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाह र उनले सुरु गरेको नेपाल एकीकरणको यात्राबाट प्रारम्भ भएको थियो । शाहकालीन तथा राणाकालीन समयमा कुनै राजनीतिक दलहरू थिएनन्, शासन सत्ता केन्द्रमा मात्र सीमित थियो र शक्ति पनि एउटै परिवारभित्र सीमित थियो । राणा र साहहरूको क्रुरता र दमनबाट आजित नागरिकहरूको समूहले नेपालमा राजनीतिक गतिविधि सञ्चालन गरेको इतिहास छ तर नेपालका राजनीतिक दलहरूले आदर्श, मूल्यमान्यता र सिद्धान्तलाई तिलाञ्जिल दिँदै आएका छन् चाहे त्यो प्रजातन्त्रको वकालत गर्ने दल नै किन नहोस् वा समाजवाद वा साम्यवादको सपना देखाउने दल नै किन नहोस् । नेपालका कम्युनिष्टहरूले एकातिर सिद्धान्तमा मार्क्सवादलाई आधारस्तम्भ मान्दछन् अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शन, अतिरिक्त मूल्यको सिद्धान्त र वर्ग संघर्षको माध्यमबाट पुँजीवादी शासन व्यवस्था हटाएर श्रमजीवी वर्गको राज्यसत्ता स्थापना गर्ने र त्यसलाई साधनको रूपमा प्रयोग गरी वर्गविहीन तथा राज्यविहीन समाजको निर्माण गर्ने मान्यतामा आधारित हुन्छ तर नेपालका आफूलाई क्रन्तिकारी बताउनेहरू नै पुँजीवादको अनुशरणमा तल्लीन देखिन्छन् । हामीले २०२८ सालको झापा काण्ड वा २०५२ सालमा सुरु भएको तत्कालीन नेकपा माओवादीको सशस्त्र द्वन्द्व यी सबैले केही सीमित मानिसलाई मात्र पुँजीपति बनायो भने अधिकांशको अवस्था उस्तै रह्यो । त्यसको अधिकांश आफ्नो घर परिवार पाल्नकै लागि खाडीमा पसिना बगाउने स्थिति देखापरेको छ । यसरी हेर्दा, समाजमा आर्थिक असमानता बढ्दै गएको अवस्था छ । माक्सवादकै मान्यतालाई हेर्ने हो भने समाजको विकास आफ्नै प्रक्रियाले हुने गर्दछ । उनका अनुसार आदिम साम्यवादी युग, दास युग, समन्ती युग, पुँजीवादी युग, समाजवादी युग र साम्यावादी युगको रूपमा व्याख्या तथा विश्लेषण गर्दै गर्दा नेपालको अहिलेको अवस्था कम्युनिष्टको परिभाषामा हाल नेपालले समन्ती र पुँजवादी युगको पुलको रूपमा काम गरेको पाइन्छ ।

अझै पनि नेपालमा पुँजीवादको विकास भएको छैन, अधिकांश मानिसहरू गरिबीको रेखामुनि छन् । पूर्वाधारको तयारीविना नगरपालिकाहरूको घोषणा गरिएको छ । समाजवादको नाममा जबरजस्ती नारा लगाउने काम भएको छ जब कि नेपालको धरातलीय यथार्थले नेपालमा अझै पनि औद्योगिक विकास हुन नसकेको अवस्था छ । कूल जनसंख्याको एक तिहाइभन्दा बढी जनसंख्या वैदेशिक रोजगारीको तथा अध्ययनको नाममा देशबाहिर छ भने बाँकी रहेको जनसंख्याको ५० प्रतिशत जनसंख्या शहर केन्द्रित भएर बसेको छ । अर्थात् पेशा व्यवसाय तथा अध्ययनको शिलशिलामा सहरको कुनामा खुम्चिएको छ । बाँकी रहेको जनसंख्या निष्क्रिय जनसंख्याको रूपमा ग्रामीण क्षेत्रमा छ । अर्थात् देशमा उत्पादन र रोजगारी छैन भने त्यस्तो समाज तथा देशलाई कसरी पुँजीवादी समाज भन्ने ? यस्तो धरातलीय अवस्था रहँदा रहँदै देशमा पुँजीवाद, समाजवाद साम्यवादको चर्का नाराहरूमा जोड्नु आवश्यक छैन । जब देशमा रोजगारी नै छैन, काम गर्नका लागि उद्योग कलकारखाना छैनन् भएका पनि सञ्चालन हुन सकेका छैनन् अर्थात घाटामा छन् । सरकारले सञ्चालन गरेका सार्वजनिक संस्थानको अवस्था त्यस्तै छ । सार्वजनिक सस्थान मर्ज गर्नुपर्ने वा खारेज गर्नुपर्ने अवस्थाले, देशको वैदेशिक बढ्दै जाने अवस्थाले समाजवाद र साम्यवादको नारालाई जिस्क्याइरहेको छ । त्यसले पनि नेपालको राजनीति सिद्धान्त, मान्यता र आर्दशभन्दा धेरै पर छ । राजनीतिक दलहरू तथा उनीहरूकै नेतृत्वमा गठन भएको सरकारले अनावश्यक क्षेत्रमा भएको खर्चलाई किन कटौती गर्न सक्दैन ? देशमा ऋण बढाउनु नै पुँजीवाद, समाजवाद र साम्यवादको लक्षण हो त ?

यस विषयमा सबै क्षेत्रको ध्यान जानु आवश्यक छ । प्रतिस्पर्धा र लोकतन्त्रमा विश्वास गर्ने तर राजनीतिक नेतृत्वले नेतृत्व हस्तान्तरण गर्न नचाहने प्रवृत्ति नेपालका सबै राजनीतिक दलहरूमा रहेको पाइन्छ । नेपाली कांग्रेसका सभापति बनेका शेरबहादुर देउवा पनि नेतृत्व हस्तान्तरण गर्ने पक्षमा छैनन् भने नेकपा एमालेको अवस्था पनि त्यस्तै छ । अर्कोतिर ३९ वर्षदेखि पार्टीको नेतृत्व गरेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको पार्टीमा पछिल्लो समयमा नेतृत्व हस्तान्तरणको कुरा उठे पनि तत्काल नेतृत्व हस्तान्तरण हुने सम्भावना देखिँदैन । संविधान, कानुन, राजनीतिक दलका विधानहरूमा समाजवाद शब्द लेख्दैमा समाजवाद आउने होइन । देशमा जबसम्म जनताको धरातलीय अवस्थामा सुधार आउँदैन । जनताको खातामा बचत हुँदैन । जनताले रोजगारी पाउँदैनन्, उत्पादनले देश आत्मनिर्भर हुँदैन । जनताको खातामा बचत हुँदैन, उनीहरूले गुणस्तरीय जीवन जिउन सक्दैनन् तबसम्म देशमा न त पुँजीवाद नै आउँछ न त समाजवाद नै । पर्याप्त मात्रामा पूर्वाधारको विकास नभइसकेको अवस्थामा, शिक्षा, स्वाथ्य र स्वच्छ खानेपानीसमेत नभएको अवस्थामा देशमा पशुचौपायहरूमा भयानक रोग तथा महामारीको अवस्थामा राज्यले त्यसको सम्बोधन गर्न नसक्नु तथा अव्यवस्थित मानवीय बसोवासलाई समेत व्यवस्थापन गर्न नसकिरहेको अवस्थामा राजनीतिक दर्शनका कुराहरूले खासै अर्थ राख्दैन । नेपाली सन्दर्भमा सामान्यतया विकासको मोडेल नै परिवर्तन गर्नुपर्ने अवस्था छ । नेपालको पहाडी क्षेत्रमा एउटा डाँडामा एक दुई घर तथा अर्को डाँडामा दुई-चार घरपरिवार रहेको अवस्थामा उक्त घरहरूको उपलब्धिविहीन पूर्वाधारहरूको विकास गर्नुको सट्टा त्यो बस्ती व्यवस्थापन तथा एकीकृत गर्न सकियो भनेमात्र उपलब्धिमूलक कार्य मानिन्छ । त्यसले यस्तो कार्यलाई जनजीविकाका सवालसँग जोडेर हेर्नु पर्दछ, पुँजीवाद, समाजवाद र साम्यवादसँग होइनन् । नेपालका कम्युनिष्ट पार्टीहरूले भनेको जस्तो, आशा देखाएजस्तो तथा सपना बाँडेको जस्तो समाजवादको कुरा नेपालको लागि केवल सपनाको विषयमात्र हो । नेपालका राजा साशकहरूले पारिवारिक वृत्तमा रहेर शासन गरे । जसकारण राजाको शासनको अन्त्य भयो भने खर्चिलो संघीयताको सुरुवात भयो । हजारौंको संख्यामा जनप्रतिनिधिलाई तलबभत्ता खुवाउन पनि देश वैदेशिक ऋण तथा विदेशी दाताहरूको सहयोगमा निर्भर रहेको अवस्था छ । संघीयता आफैंमा नराम्रो होइन तर यसमा हुने खर्च कटौती गर्नु जरुरी छ ।

नेपालमा राजनीतिक दलहरूको सिद्धान्त एकातिर छ भने व्यावहारिक पक्ष अर्कोतिर छ । खास गरी दुई धारमा राजनीतिक दलहरू नाम मात्रका कम्युनिष्ट तथा वामपन्थी र दोस्रो प्रजातान्त्रिक शक्ति अर्थात् नेपाली कांग्रेस तर दुवै धारका राजनीतिक दलहरू मान्यता, सिद्धान्त र आर्दशबाट विचलित भएका छन् । सर्वहाराको नेतृत्व गर्ने दलहरूको नेतृत्व तह आफैंमा प्रजातान्त्रिक धारमा बग्न थालेको छ भने उनीहरूका नारा केवल कागजमा मात्र सीमित हुन थालेका छन् । मानिसहरूको जीवनशैली, विकास तथा उनीहरूले गर्ने व्यवहारले राजनीतिक दल कता जाँदैछ भन्ने कुराको समेत स्पष्ट मार्ग प्रदान गर्दछ । समग्रमा दलहरू आर्दश, सिद्धान्त र मान्यताबाट विचलित हुँदै गएका छन् । अन्ततः, सबै नेपालमा रहेका सबै राजनीतिक दलहरू सिद्धान्तबाट स्खलित हुदै गएको सन्दर्भमा अबका दिनमा सबै राजनीतिक दलहरू एकै ठाउँमा उभिएर देश, समाज र माटो सुहाउँदो मान्यता तय गरी त्यसको आधारमा अगाडि बढ्नु आवश्यक छ । जनतालाई सपनाको समाजवाद र साम्यवादको नाराको झुटो आश्वासन दिनुभन्दा उनीहरूको वास्तविक अवस्थाको सुधार गर्ने कुरामा ध्यान दिनु जरुरी देखिन्छ । जब जनताको स्तरमा सुधार आउँछ तबमात्र देशको अवस्थामा सुधार आउँछ भन्ने कुरामा सबै राजनीतिक दलहरूले हेक्का राख्नु जरुरी देखिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । झुटा आरोप आइपर्ला । | **तुला** : जोश जाँगर र हिम्मत बढ्नेछ । आफ्नो चलाखीपनले कार्य सिद्ध हुनसक्छ। |
| **वृष** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । |
| **मिथुन** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्। | **धनु** : लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । व्यवहारबाट सजग रहनु । |
| **कर्कट** : प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ । | **मकर** : धर्मकर्ममा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : मेहनतीहरूका लागि बढी फलदायी नै रहने र लाभदायक यात्रा रहनेछ । | **कुम्भ** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । व्यापार व्यवसायमा प्रगति होला। |
| **कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भइनेछ। |



# 'कक्षाकोठा पानीले जलमग्न, कहाँ गएर पढ्ने ?'

कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ वनकट्टीस्थित शान्ति आधारभूत विद्यालयमा भवन अभाव हुँदा पठनपाठनमा समस्या भएको छ । बस्ने कोठा नहुँदा अध्ययनमा समस्या भएको विद्यार्थीले गुनासो गरेका छन् । केही साताअघि आएको हावाहुरीले विद्यालयको दुई कोठे भवनको जस्तापाता उढाएपछि विद्यार्थीलाई बस्नका लागि समस्या भएको प्रधानाध्यापक उत्तम विष्टले बताए । "जस्तापाता पूरै उढाएको छ, स्थानीय तहलाई जस्तापाताका लागि भनेका छौँ तर केही सुनुवाइ भएको छैन", उनले भने, "विद्यार्थीलाई कहाँ राखेर पढाउने भन्ने समस्या छ ।" कोरोनाका समयमा निर्माण सुरु गरिएको दुई कोठे भवन हालसम्म सम्पन्न नभएको बताउँदै विष्टले विद्यार्थीलाई निर्माणाधीन उक्त भवनमा बसालेर पठनपाठन गराइरहेको जानकारी दिए । उनका अनुसार भवनमा सिलिङ हालिएको छ भने प्लास्टर लगायतको काम बाँकी छ ।



"न ढोका छ, न झ्याल, पानी आउँदा सबैभित्र आउँछ, किताब कापी सबै भिज्छ", कक्षा ६ मा अध्ययनरत सन्दीप भट्टले भने, "भुइँमा पनि ठूलाठूला ढुङ्गा मात्रै छन्, हामीलाई बस्नलाई निकै समस्या छ ।" हावाले उढाएको जस्ता फेर्न स्थानीय तहले आनाकानी गरेपछि स्थानीय बासिन्दा जुटेर विद्यालयको छाना निर्माण गर्न थालेका छन् । पठनपाठनमा निकै समस्या हुँदा पनि स्थानीय सरकारले चासो नदेखाएपछि श्रमदानमा विद्यालयको छाना निर्माण गर्ने काम भइरहेको प्रधानाध्यापक विष्टले बताए । विद्यालय नजिकै खोला र राष्ट्रिय निकुञ्ज भएको जानकारी दिँदै उनले यसरी अव्यवस्थित तरिकाले पठनपाठन गराउँदा दुर्घटनाको जोखिम बढेको बताए । उनका अनुसार वर्षातका समयमा खोलामा पानीको बहाव बढेर विद्यालयका कक्षाकोठा पस्ने गरेको छ । "खोलाको पानी कक्षाभित्र आएर कोठा जलमग्न हुन्छ, हामी कहाँ बसेर पढ्ने ?" विद्यार्थी वर्षा ओडले भनिन्, "विद्यालयको पर्खाल नहुँदा ससाना विद्यार्थी खेल्दाखेल्दै खोलामा खस्ने डर छ ।" नजिकै राष्ट्रिय निकुञ्ज हुनाले वन्यजन्तु पनि विद्यालय परिसरमा भित्रिन सक्ने सम्भावना रहेकाले पर्खाल निर्माण गर्नु आवश्यक रहेको प्रधानाध्यापक विष्टले बताए । "विद्यालयमा शिक्षक पनि कम छौँ, ससाना विद्यार्थी नजिक रहेको खोलामा खसेर डुब्ने जोखिम छ", उनले भने, "खोलाको पानी कक्षामा पसेर पढाइ प्रभावित हुने गरेको छ ।" *-रासस*

# शैक्षिक प्रमाणपत्रहरुले किन सकेनन् शिक्षित वर्गलाई आयआर्जनमा सक्षम बनाउन ?

**डा. देवीप्रसादआचार्य** :

देशका विभिन्न क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने कार्य शिक्षाको हो । आजको एक्काइसौं शताब्दीमा सैद्धान्तिक ज्ञानका अतिरिक्त आर्थिक आयआर्जन सर्न सक्ने व्यवसायिक सीप सहितको शिक्षा चाहिन्छ । राज्यले शिक्षामा ठूलो लगानी त गरेको छ तर शिक्षा क्षेत्रमा गरिएको लगानी बालुवामा पानी हाले सरह भएको छ । विश्वविद्यालय सम्मको प्रमाणपत्रहरुले शिक्षित वर्गलाई आय आर्जनका बाटा र पाटाहरुमा सक्षम बनाउन सकेको छैन । शिक्षितहरुलाई व्यवसाय खोज्ने, रोज्ने र टिकाउन सक्ने ज्ञान तथा व्यवसायिक सीप सहितको शिक्षालाई जीवन उपयोगी शिक्षा भन्नु पर्दछ ।

बिउ अनुसारको बोट र फल भए जस्तै कस्तो शिक्षा प्रणालीबाट कस्ता नागरिक उत्पादन गर्ने भन्ने कुरा राज्यले तय गरेको शिक्षा नीति, पाठ्यक्रम, पाठ्यपस्तक, शिक्षण सिकाइको उपलब्धीको आधारमा निर्धारण हुन्छ ।

प्लेटो भन्छन्, "मानिसले प्राप्त गरेको शिक्षाले नै उसको भविष्यको दिशानिर्देश गरेको हुन्छ ।" उनको भनाईलाइ आधार मान्ने हो भने व्यक्तिले आर्जन गरेको ज्ञानले उसको भविष्यलाई दिशानिर्देश गर्न सक्ने शिक्षालाई जीवन उपयोगी शिक्षा भन्न सकिन्छ । व्यक्तिको दिमागलाई उत्पादकत्व बढाउने खालको पेशागत सीपमा आधारित ज्ञान र प्रविधि मैत्री शिक्षा नै जीवन उपयोगी शिक्षा हो । अहिले देशको शिक्षाले शिक्षितहरुलाई व्यवसायिक ज्ञान, सीप र दक्षता प्रदान गर्न नसकेको शिक्षाविद्हरुको भनाइ छ । स्वयं शिक्षित जनशक्तिको अनुभव छ । हरेक शिक्षित व्यक्तिलाई आफ्नो ईच्छा र चाहना अनुरुपको व्यवसाय खोज्ने र सफलता पूर्वक गर्नसक्ने क्षमताको कमीले गर्दा आज विश्वविद्यालयसम्मको अध्ययन पुरा गरीसके पछि पनि शिक्षित जनशक्ति प्रमाणपत्रहरु घरमा थन्क्याएर कामको खोजीमा विश्व बजारमा पलायन भईरहेको अवस्था छ । यसरी हेर्दा शिक्षित जनशक्तिले आफ्नै गाउँ ठाउँमा आय आर्जन सिर्जना गर्न सक्ने व्यवसायिक शिक्षा जीवन उपयोगी शिक्षाको एउटा महत्वपूर्ण पाटो हुन आउँछ । सामान्यतया जीवनयापन गर्न उपयोग गर्न सकिने शिक्षा नै जीवन उपयोगी शिक्षा हो । हाम्रो जस्तो गाउँ नै गाउँहरुले भरिएको कृषि प्रधान देशका शिक्षार्थीहरुलाई हलो, कुटो र कोदालो देखि कम्प्युटरसम्मको ज्ञान आवश्यक हुन्छ । कृषि गर्ने परम्परागत शैलीको ज्ञानलाई बदलेर कृषि उत्पादन र पशु पंछी पालनको क्षेत्रलाई आधुनिक तरिकाले उत्पादन प्रणालीमा रुपान्तरण गर्न तदनुरुपको ज्ञान र प्राविधिक सीपको खाँचो हुन्छ । जैविक विविधता अनुसारको कृषि उत्पादन र पशुपालन गर्न सक्ने सक्षम जनशक्ति नभएसम्म गाउँघरमा विकासले गति लिन सक्दैन । ग्रामिण अर्थतन्त्रको विकास हुन सक्दैन । स्वरोजगारको सिर्जना हुन सक्दैन । शिक्षित जनशक्तिले आफू जन्मे हुर्केको गाउँठाउँमा त्यहाँको हावा, पानी, माटो र उत्पादनको संभावना अनुरुप कृषि उत्पादन तथा पशु पंछी पालनको क्षेत्रलाई आधुनिकीकरण, यान्त्रीकीकरण, व्यवसायीकरण र आयआर्जनको स्रोत बनाउन सक्ने शिक्षा नै हाम्रो जस्तो कृषि प्रधान देशको लागि जीवन उपयोगी शिक्षाको एउटा क्षेत्र हो ।

जैविक विविधताका दृष्टिले धनी हाम्रा देशमा ठाउँ अनुसारको विभिन्न खाद्यान्न, तरकारी, फलफूल, दूध, दही, घीउ आदि उत्पादन गर्न सकिन्छ । यसैगरी मौरी पालन, मत्स्यपालन, पशुपालन, कुखुरा पालन, हाँस पालन, पुष्प व्यवसाय, च्याउखेति, रेसमखेति, बाँस तथा निगालोबाट उत्पादन हुने सामाग्रीहरु, जडीबुटी, चिया, अलैंची, केरा, काबुनो, कागति, फलफूल खेतिलाई बैज्ञानिकीकरण, यान्त्रीकीकरण, व्यवसायिकरण तथा बजारीकरण गर्नसक्ने ज्ञान तथा सीप भएको प्रविधिक शिक्षा आजको आवश्यकता हो । उल्लेखित क्षेत्रहरुलाई वैज्ञानिकीकरण गर्नसक्ने शिक्षा नै जीवन उपयोगी शिक्षा हो । जो जीवनमा उपयोग र उपभोग हुन सक्दछ । हाम्रो शिक्षाले मुलुकमा रहेको प्राकृतिक स्रोत र साधनको उपयोग गर्नसक्ने ज्ञान र सीप भएका जनशक्ति उत्पादन गर्न सकेको छैन । देशको भूगर्भमा पेट्रोलियम पदार्थ, सुन, चाँदी, युरेनियम जस्ता खानी तथा खजनाहरु हुन सक्छन् । यिनीहरुको खोज, अनुसन्धान, उत्खनन एवम् उपयोग हुन सकेको छैन । विज्ञानको आखाँले हेर्दा उल्लेखित क्षेत्रमा खोज, अनुसन्धान, उत्खनन् र प्रयोग गर्न सक्ने प्राविधि ज्ञान र सीप भएको शिक्षालाई जीवन उपयोगी शिक्षा भन्नु पर्दछ । यसैगरी हाम्रो देशमा प्रत्यक्ष आँखाले देख्न सकिने र अनुभव गर्न सकिने जल, जमिन, जडीबुटी र जंगल छ । ८३ हजार मेघावाट विद्युत उत्पादन गर्न सकिने पानी छ । पर्याप्त बिजुलीको उत्पादन छैन । देशमा पानी छ । खाने पानीको समस्या छ । सिंचाईको समस्या छ । यसरी देशमा भएको प्राकृतिक स्रोत र साधनको उपयोगवादी दृष्टिकोणबाट हेर्दा प्रकृतिमा रहेका अथाह खनिज पदार्थहरुको पहिचान, उत्खनन एवम् प्रयोगगर्न सक्ने वैज्ञानिक, खोजमुलक, प्रविधिमैत्री शिक्षालाई जीवन उपयोगी शिक्षाको एउटा क्षेत्र मान्नु पर्दछ । साधारण, व्यवसायिक तथा प्राविधिक क्षेत्रमा चाहिने विभिन्न तहको जनशक्ति उत्पादनगरी व्यक्तिको समृद्धि र देशको आर्थिक विकासमा टेवा पुराउने काम नै शिक्षाको आर्थिक कार्य हो । समाजमा आर्थिक अभाव र असमानता छ । असमानताको मुख्य कारण आयआर्जनको समान अवसर नहुनु हो । देशको शिक्षा प्रणाली रोजगारमैत्री एवम् उत्पादनमुखी नभएकोले पढे लेखेको दक्ष जनशक्ति पलायन भएको छ । देशमा भएको थोरै जनशक्तिले मात्र आयआर्जन गर्ने अवसर पाएको छ । शिक्षित जनशक्ति आय आर्जनको अवसरको अभावमा पिरोलिएको छ । ब्रेन्ड्रेन डरलाग्दो समस्याको रुपमा देखा परेको छ । म्याकीभेलीले सामाजिक विभेदीकरणको मुख्य कारण समाजमा रहेको आर्थिक असमानता हो, भन्ने छ । समाजमा रहेको आर्थिक असमानता हटाउनको लागि सबै व्यक्तिहरुमा आयआर्जन गर्न सक्ने व्यबसायिक शिक्षा चाहिन्छ । यसरी शिक्षालाई आयआर्जनसंग जोडर हेर्दा देशमा उलब्ध हुने स्रोत र साधनहरुको प्रयोगगरी रोजगारी सिर्जना गर्न सक्ने शिक्षा नै जीवन उपयोगी शिक्षा हो । अन्त्यमा, जीवन उपयोगी शिक्षाको कुरा गर्दा डिजिटल शिक्षा पनि आजको आवश्यकता भएको छ । कम्प्युटर शिक्षा वा ई-शिक्षाको महत्व बढ्दै गएको छ । इण्टरनेट सँग जोडिएको विज्ञान, इञ्जिनियरिङ, वैकिङ्, वाणिज्य, कृषि, पशुपालन, व्यापार लगायतको क्षेत्रमा प्रयोग हुने डिजिटल शिक्षा अनिवार्य सर्त भएको छ ।

*-एडुखबर डटकम*

# शिक्षा ऐनको यात्रा : बाध्यता र नियति

**डा.मीनबहादुर शाही**

तत्कालीन सरकारले २०७५ सालमा नै बहसमा ल्याउन र कार्यान्वयन गर्छ भनेर आशा गरिएको पहिलो संघीय शिक्षा ऐन अगाडि बढेन । साथै उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन पनि गुप्तवास बस्यो । किनभने यसमा राजनीतिक प्रभाव एकातिर रहन गयो भने अर्को महत्वपूर्ण कुरा यसको गठन प्रक्रिया नै त्रुटिपूर्ण थियो । अझै सुनिँदैछ अर्को समिति बन्दैछ । हरेक सरकारको काम नै समिति बनाउने, प्रतिवेदन संकलन गरेर बस्ने जस्तै भएको छ । त्यसैले यी दुवै कुरा स्वाभाविक नै हुन् किनभने प्रस्ताविक शिक्षा ऐनले संविधानको मूल मर्मलाई पर धकेल्दै छ । संविधानको अनुसूची ८ अनुसार माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले सञ्चालन गर्ने व्यवस्थाको खिलाफमा यस ऐनमा शिक्षकको व्यवस्थापनको जिम्मा प्रदेश सरकारलाई दिने व्यवस्था प्रस्ताव गरिएको छ (बुँदा नं १० को २ अनुसार) । अनि सोझै माध्यमिक तहसम्मको शिक्षा प्रदेश र स्थानीय तहले संयुक्त रूपमा सञ्चालन गर्ने भनेको छ । यो कुरा संविधानको मूल मर्म 'स्थानीय सरकार, गाउँ-गाउँमा सिंहदरबार' भनेर जनतालाई देखाइएको आश्वासनको खिलाफमा छ ।

चाहे जेहोस्, सरकार बाध्यतावश यो ऐन पारित गर्न लागिरहेको छ । तर यो ऐन अहिलेकै अवस्थामा पारित भए कार्यान्वयनको यात्रा कठिन छ । शिक्षा क्षेत्र अझै अस्तव्यस्त हुने सम्भावना बढेर जानेछ । यसको कार्यान्वयन हुन नसक्ने धेरै कारण छन् । देशको राजनीति, नेतृत्व र सोच, साधन-स्रोत अनि विश्व जगतमा बढ्दै गएको आर्थिक मन्दी केही महत्वपूर्ण व्यवधान हुन् । यस बाहेक अन्य केही पक्षहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

१. शिक्षा क्षेत्रको जनशक्ति व्यवस्थापन गर्न नसकेकोले यो ऐन कार्यान्वयन सहज छैन : विद्यालयहरूमा एकातिर एक जना विद्यार्थी पढाएर बसेका दर्जन शिक्षक छन्, अर्कोतिर ५ कक्षासम्म भएका विद्यालयमा २ वा ३ जना शिक्षकले धान्नु परेको छ । पाठ्यक्रमले विषयगत शिक्षण सिकाइ सञ्चालन गर भनेर निर्देश गरिरहेका बेला यो उपनिवेशकालको भारतीय अवधारणा अनुसार २ वा ३ जना शिक्षकले धेरै कक्षा एकै पटक सञ्चालन गर्नुपर्ने कुरालाई सम्बोधन नगरेकाले यो शिक्षा ऐनको कार्यान्वयनले शिक्षा क्षेत्रको व्यवस्थापन र गुणस्तरमा तात्विक भिन्नता आउँदैन । शिक्षा ऐनले स्थानीय तहले आवश्यकता अनुसार दरबन्दी सुनिश्चित गर्ने भनेको छ - प्रस्तावित ऐनको परिच्छेद ३) तर उनीहरूसँग स्रोत नै छैन । केन्द्रले आवश्यकता अनुसार स्रोत नदिने नीति बनाइसकेको छ ।

२. शिक्षकहरूका माग सम्बोधन गर्न यो ऐन सक्षम देखिएन : राहत शिक्षकको व्यवस्थापन, विद्यालय कर्मचारीको व्यवस्थापन र बाल शिक्षा सहजकर्ताको व्यवस्थापनका लागि यो ऐनले उपयुक्त सम्बोधन गर्न सक्दैन । सरकार चाहन्छ सबै कुरा समाधान गरौं तर देशको आर्थिक अवस्थाले सहयोग गर्दैन । पत्र-पत्रिकामा प्राप्त जानकारी अनुसार देश अहिले करिब २४ खर्ब ऋणमा छ । गाउँघरमा लघुवित्तले सिर्जना गरेको अवस्था जस्तै सरकारले ऋण लिएर ऋण तिरिरहेको छ । देशको आन्तरिक राजस्वबाट प्राप्त आम्दानीले नियमित खर्च पनि धान्न नसकेको समाचार असार मसान्तमा निकै पढ्न पाइएको थियो । सरकारले कर्मचारी तथा शिक्षकले खाई-पाई आएको भत्ता समेत कटौती गर्ने अवस्था आएको छ । अनि देशको नियमित शासन सञ्चालनको अवस्थाका लागि पनि ऋण लिनु परेको अवस्था छ । त्यसैले सरकारले चाहेर पनि शिक्षा क्षेत्रमा न्यूनतम आवश्यकता पूरा गर्न सक्दैन । मासिक करिब १० हजारमा बालकक्षाका सहजकर्ता र त्यतिकै रकममा सहयोगी कर्मचारीको स्थायित्व हुँदैन ।

३. मूल मर्म सम्बोधन भएन : राजा राजेन्द्रविक्रम शाह र राणा प्रधानमन्त्री जंगबहादुरले आ-आफ्नो शासनकालमा नेपालको गुरुकुलमा आधारित पिंढी शिक्षालाई विस्थापित गर्दै, आयातित अंग्रेजी माध्यमको पढाइ सुरु गरिदिए । जसले माध्यम मात्र होइन विषयवस्तु पनि आयातित गरिदियो । एकैपटक अलिकति पश्चिमा संस्कार ल्याए । तर आज पश्चिमा कहाँ पुगे । नेपाल त्यही समातेर सानालाई ऐन र ठूलालाई चैन गरेर बसेको छ । अर्थात् पश्चिमाहरूले सानो बालकक्षाहरू र पूर्वप्राथमिक कक्षाहरूका लागि व्यवस्थित कक्षा कोठा, प्रशस्त स्रोत सामग्री, विज्ञ शिक्षक सहजकर्ताको अवधारणा अगाडि ल्याए र कार्यान्वयनमा छन् । नेपाल भने साना कक्षाहरूलाई उपेक्षा गरिरहेको छ । यस ऐनले पनि बालकक्षा र प्रारम्भिक कक्षाहरूलाई महत्व दिएको छैन ।

४. विद्यालयको व्यवस्थापनमा अलमल : प्रधानाध्यापक फरक व्यक्ति प्रतिस्पर्धाबाट लिने अभ्यास गरिँदैछ । ऐनले विगतकै प्रक्रियालाई निरन्तरता दिएको छ । के अब प्रधानाध्यापक विद्यमान शिक्षक दरबन्दी भन्दा फरक मानिस हुनेछ ! के उसको पढाउने दायित्व हुने छैन ! त्यसो भए विद्यालयको शिक्षक अभाव कसरी पूरा हुनेछ ? यस बारेमा ऐनले केही बोल्दैन । ऐनले बोलेको छ स्थानीय तहले शिक्षक राख्न सक्नेछ । तर स्थानीय तहको आफ्नै आम्दानीको स्रोत छैन । केन्द्रले दिएको रकम पर्याप्त हुँदैन । त्यसमा पनि तलब भत्तामा खर्च गरेमा बेरुजु रहने अवस्था छ । कसरी गुणस्तरीय शिक्षा सम्भव होला र ! सबै स्थानीय तहहरू काठमाडौं महानगरपालिका जस्तो अर्बौं रकम खर्च गर्न नसकेर थन्क्याउने अवस्थामा छैनन् । उनीहरूको अवस्था गाडीको तेल बचाउन केही दिन मोटरबाइकमा कार्यक्षेत्र अनुगमनमा जाने वा जाँदै नजानेसम्मको छ । प्रस्तावित शिक्षा ऐनको बुँदा नं. ६ (४) मा उल्लेख भए अनुसार, यसमा अलमल देखिन्छ ।

५. यो त 'वल्लो घरको नरे पल्लो घर सरे' जस्तो मात्र भयो - पहिले केन्द्रले चलाउँथ्यो भने अब प्रदेशको जिम्मा, के फरक भयो र ! आखिर स्थानीयको अपनत्व त भएन । उनीहरूको निर्णय अधिकार त रहेन । यो त केवल अब शिक्षकहरूले पहिले जिल्ला र केन्द्र धाउने अवस्था थियो भने अब प्रदेश धाउने अवस्थाको सिर्जना मात्र हो । प्रदेशले विद्यालयहरूको व्यवस्थापनको जिम्मा लिन सक्ने त होइन । यो त स्थानीय तहमाथि प्रदेशलाई ठालु बनाइदिएको मात्र हो । २०७६ मा जारी शिक्षा नीतिले पनि त्यही गरेको थियो । तर यस कुराको कल्पना संविधानले गरेको छैन । प्रस्तावित ऐनको बुँदा नं. १० -१) ले शिक्षक सेवा आयोगका सिफारिसलाई कार्यान्वयन गर्ने काम स्थानीय तहलाई दिए पनि शिक्षकको सरुवा, काज, बढुवा र विभागीय कारबाही समेत प्रदेश कानुन बमोजिम हुने भनिएको छ । के प्रदेशले स्थानीय तहलाई हस्तान्तरण गर्ला त ! यसो गर्दा झनै अप्ठेरो भएन र !

६. विद्यालय सञ्चालन र शिक्षाको गुणस्तरका मूल खम्बा भनेका शिक्षक : शिक्षकको सरुवा, नियुक्ति तथा व्यवस्थापन प्रदेशबाट हुने । अब प्रदेशले स्थानीय तहको सिफारिसको आधारमा भनेर एकातिर सम्बोधन गरे जस्तो गर्ने होला तर अन्तिम निर्णय अधिकार नै स्थानीय तहमा छैन भने यसको खास महत्व के रहन्छ र ! यहाँ त केवल राजनीति र शक्तिको दाउपेच मात्र चलिरहने भयो । फेरि पनि शिक्षकहरूले टाढाको देवताको भर पर्नुपर्ने भयो । स्थानीय तहलाई एकातिर आफ्नो मातहतको शिक्षाको अवस्था बिग्रेको समस्या अर्कोतिर अधिकारविहीनताको पीर । कामको बागडोर स्थानीयमा तर निर्णयको बागडोर प्रदेशमा ।

६. व्यवस्थापन समितिको अवधारणा यस ऐनमा सम्बोधन भएको छैन : व्यवस्थापन समिति भनेको विद्यालयका लागि नजिकको सरकार हो । एउटा विद्यालयका लागि शासकीय निकाय होइन । यो सधैं प्रधानाध्यापक वा स्थानीय राजनीतिक दलविशेषको खेलौना मात्र हुँदै आएको छ । यसलाई अधिकारसम्पन्न र सक्षम नबनाएसम्म हरेक विद्यालयमा प्रभावकारिता हुनसक्दैन । विद्यालय व्यवस्थापन समितिको जति चासो र सरोकार भएको अर्को निकाय हुनसक्दैन । त्यसैले ऐनमा यस कुराको अभाव छ ।

७. उहाँहरू नै सरकारमा भएको बेलामा यो शिक्षा ऐनमा किन सम्बोधन भएन : एउटा राष्ट्रिय कार्यक्रममा एउटा ठूलो दलको ठूलो नेताले भनेको सम्झना छ- "विद्यालयमा साधनस्रोत दिन सकिन्छ, भवन बनाइदिन सकिन्छ, शिक्षक थप्न सकिन्छ, शिक्षकहरूलाई अफिसमा बस्ने होइन कक्षाकोठामा जाने वातावरण बनाउन सकिन्छ वा बाध्य पार्न सकिन्छ तर कक्षाकोठामा गएर शिक्षकलाई पढाउन बाध्य पार्ने काम नेता वा सरकार कसैले गर्न सक्दैन । यो त उसको भावना, जिम्मेवारी बोध, रहर, पेशाप्रतिको मोह, बालबालिकाको माया र विषय विज्ञताबाट आउने कुरा हो । त्यो शिक्षक आफैंले गर्नुपर्छ । शिक्षकहरूमा त्यो भावना र जिम्मेवारी नभएकाले शिक्षाको गुणस्तर कमजोर भएको हो ।"

८. यो शिक्षा ऐन संविधानमा टेकेर आउला कि २०७६ को शिक्षा नीतिमा ! : शिक्षाकर्मीहरूले भन्ने गरेको शिक्षामा कम्तीमा २० प्रतिशत बजेट छुट्याउनुपर्ने, संस्थागत विद्यालयलाई नियमन गरेर नियन्त्रणमा ल्याउनुपर्ने, सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्नुपर्ने, शिक्षाका पेशागत संगठनहरू एउटा मात्र बनाउने जस्ता धेरै कुराहरू शिक्षा ऐनाबाट कति सम्बोधन होलान् । आज पनि दुर्गम गाउँबस्तीका विद्यालयहरू आलोपालोमा खुल्ने र एक जनाले धानेर बस्ने अवस्था छ । यी र यस्ता कुराहरू ऐनले सम्बोधन गर्ला कि नगर्ला ! हेर्न बाँकी छ ।

अन्त्यमा शिक्षा ऐन सदनमा छिर्दै गरेको अवस्थामा एउटा प्रश्नको बिट मार्ने बाहेक अरू खुशियाली मनाउने अवसरको पर्खाइमा सबै जना भएकाले यो सरकारले त्यो साहस गरोस् । केवल सरकारले संघीय शिक्षा ऐन नै ल्याउन सकेन र हामीले काम गर्न पाएनौं भन्ने स्थानीय तहहरूका लागि प्रश्नको अन्त्य हुने । तर अर्को प्रश्नको जन्म हुने अवस्थाको सिर्जना नहोस् । शिक्षा ऐनले केही दिएन भनेर आन्दोलन र असहयोगको वातावरण कतैबाट नबनोस् । तर २०७४ सालको पहिलो निर्वाचन पश्चात् राजनीतिक दलको विभिन्न नेताहरूले स्थानीयले शिक्षामा योगदान गर्न सक्दैनन् । जिल्ला शिक्षा विकास तथा समन्वय इकाईलाई सक्रिय बनाउनुपर्छ । शिक्षकहरूको व्यवस्थापन केन्द्रबाट नै हुनुपर्छ । यस्ता धेरै कुराहरूले बजार तताए । त्यसैले ऐन सदनमा प्रस्ताव भइरहेको बेलामा उनीहरूको भूमिकाले पनि प्रभाव पार्ने भएकाले अन्त्यमा शिक्षा ऐन कसरी पारित हुन्छ त्यो भने हेर्न बाँकी नै छ । वास्तवमा उनीहरूका भावना र उत्तेजनाहरूमा ब्रेक लागोस् र अन्त्यमा संविधानको मर्म अनुसार शिक्षा ऐन पारित होओस् । वास्तविक आवश्यकतामा रहेका आम नागरिकको कामना यही रहनेछ । तर शिक्षाको राष्ट्रिय नीति र प्रणालीमा सुधार नल्याएसम्म ऐन-नियम राम्रो बन्न सक्दैनन् र शिक्षाको गुणस्तर राम्रो हुनसक्दैन ।

*-अनलाइन खबर डटकम*

# पाल्पामा काँग्रेस र प्रेस युनियनबिच छलफल



**पाल्पा,** साउन २१/नेपाली काँग्रेस पाल्पा र नेपाल प्रेस युनियन पाल्पा शाखाबिच तानसेनमा छलफल भएको छ । नेपाली काँग्रेसका गतिविधि, पार्टी र प्रेस युनियनले खेल्नुपर्ने भूमिका लगायतका विषयमा व्यापक छलफल भएको हो ।

छलफलमा नेपाली काँग्रेसका लुम्बिनी प्रदेश सदस्य रामेश्वर पन्थीले पार्टी र प्रेस युनियनको सम्बन्ध सुमधुर हुनुपर्ने बताएका छन् । उनले लोकतन्त्र र प्रजातन्त्रलाई बलियो बनाउन युनियन र नेपाली काँग्रेसको महत्वपूर्ण भूमिका रहने भन्दै यी दुईबिचको सम्बन्ध सुमधुर हुनु पर्ने बताए । काँग्रेसका कार्यवाहक जिल्ला सभापति फणेन्द्र गहिरेले प्रेस युनियनको संस्थागत विकास र विस्तारमा काँग्रेसले आवश्यक सहयोग गर्ने बताए । उनले आफु पनि पत्रकारिता पेशाबाट आएकाले पत्रकारहरुको मर्म र भावनालाई राम्रोसँग बुझेको भन्दै उनीहरुको पेशागत संरक्षणमा आफुहरुको ध्यान जाने धारणा व्यक्त गरे । कार्यवाहक सभापति गहिरेले आगामी दिनमा पनि पार्टी र प्रेस युनियनबिच बेला बेलामा छलफल तथा अन्तर्क्रिया गर्दै जाने बताए । उनले पाल्पामा साउन २५ गतेदेखि सञ्चालन हुन लागेको पार्टीको आन्तरिक अभियानमा सहयोग गर्न प्रेस युनियनमा आवद्ध पत्रकारहरुलाई आग्रह गरे । नेपाली काँग्रेस गुल्मीका सचिव तथा प्रेस युनियन पाल्पाका पूर्व सभापति जगदीश भट्टराईले स्थानीय मिडियाका लागि समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन गर्ने दिशामा पार्टीले विशेष पहल गर्न जरुरी रहेको बताए । उनले स्थानीय तहमा काँग्रेसबाटै निर्वाचित जनप्रतिनिधिहरुले स्थानीय मिडियाहरुलाई विज्ञापन नदिने र प्रेस युनियनमा आवद्ध पत्रकारहरुलाई नै बेवास्ता गर्ने गरिएको बताए । नेपाली काँग्रेस पाल्पाकी सचिव सुनिता अधिकारीले प्रेस युनियन र त्यसमा आवद्ध पत्रकारहरुका समस्याका विषयमा पार्टीले ध्यान दिने बताइन् । उनले पार्टीका हरेक गतिविधिहरुमा सशक्त ढंगले कलम चलाउन पनि पत्रकारहरुलाई आग्रह गरिन् । सोही अवसरमा नेपाली काँग्रेसका नेता तथा बगनासकाली गाउँपालिका-६ का वडा अध्यक्ष लक्ष्मी अधिकारीले नदिजन्य पदार्थ निकासीमा राजनीतिक पूर्वाग्रह सँधैर आफुलाई फसाउन खोजिएको बताए । उनले पार्टीले यस विषयमा सत्य तथ्य बुझेर आफुलाई न्याय दिने काममा लाग्न समेत आग्रह गरे ।

कार्यक्रममा नेपाली काँग्रेसका कोषाध्यक्ष मोहनप्रसाद श्रेष्ठ, काँग्रेस क्षेत्र नं २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, काँग्रेस क्षेत्र नं १ का क्षेत्रिय सभापति भमनराज मगर, काँग्रेस नेताहरु लिला अर्याल,केशवराज शर्मा, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, युनियन पाल्पाकी अध्यक्ष मन गहिरे, युनियनका निवर्तमान जिल्ला अध्यक्ष भरत शर्मा, युनियनका सल्लाहकारहरु प्रकाश नेपाल, शंकर भण्डारी, मुक्तिप्रसाद न्यौपाने, युनियनका उपाध्यक्ष रामचन्द्र रायमाझी, सचिव विष्णु घिमिरे, कोषाध्यक्ष दीपक भट्टराई लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

# पाल्पामा अडानले मनायो १८ औं स्थापना दिवस



**पाल्पा,** साउन २१/लेखापरीक्षकको छाता संगठन नेपाल अडिटर्स एशोसिएशन (अडान) पाल्पा शाखाले १८ औं स्थापना दिवस मनाएको छ । अडानले तानसेनमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरी दिवस मनाएको हो ।

अन्तर्क्रिया कार्यक्रममा लेखा व्यवसायलाई कसरी व्यवस्थित बनाउने, सरकारले ल्याएको आर्थिक वर्ष २०८०/०८१ को बजेटमा कर सम्बन्धी भएका व्यवस्था, मौद्रिक नीतिले पार्ने प्रभाव लगायतका विषयमा व्यापक छलफल तथा अन्तर्क्रिया भएको थियो । अडानका कोषाध्यक्ष राधेश्याम ज्ञवालीले सरकारले ल्याएको चालुआर्थिक वर्षको बजेटमा समावेश भएका कर प्रणाली, लेखा व्यवसायलाई कसरी व्यवस्थित बनाउने ? ,करका दरमा बारम्बार हुने परिवर्तनले लगानीमा पारेको जोखिम, साना तथा मझौला निकायमा वित्तीय प्रतिवेदनमा वर्तमान अवस्था र आगामी कार्य र पछिल्लो आर्थिक स्थिति, मौद्रिक नीतिको व्यवस्था लगायतका विषयमा जानकारी गराएका थिए । उनले लेखापरीक्षकहरु बीच विभेद र अधिकारकटौती गर्ने कार्य निरन्तर चलिरहेको बताए । ज्ञवालीले भने 'लेखा परीक्षकको अधिकार कटौती गरेर मुलुकमा सुशासन, अनुशासन र समृद्धि कायम हुन सक्दैन ।' कार्यक्रममा सहभागी लेखापरीक्षकहरुले आर्थिक सुशासन र पारदर्शिताका लागि मर्यादित लेखा व्यवसाय आवश्यक रहेको औंल्याएका छन् । उनीहरुले लेखा (एकाउन्टिङ) लेखापरीक्षण (अडिटिङ) आर्थिक सुशासनसँग जोडिएको विषय भएकाले आर्थिक पारदर्शिताको सुनिश्चितताका लागि अकाउन्टिङ र अडिटिङको महत्वपूर्ण भूमिका रहने बताए । लेखापाल र लेखापरीक्षण पेशा एउटै जस्तो देखिएकोमा उनीहरुले चिन्ता व्यक्त गरे । लेखापालन र लेखापरीक्षण बिल्कुल फरक कार्य रहेकाले लेखा राख्ने कार्य पनि लेखापरीक्षकलाई लाउने र जिम्मा लिने दुवै कार्य गलत भएको उनीहरुको भनाई छ । यस्ता कार्यबाट लेखापरीक्षणको निष्पक्षता कायम हुन नसक्ने भन्दै आफ्नो परिभाषित जिम्मेवारीप्रति सबै सचेत भएर काम गर्नुपर्नेमा लेखापरीक्षकहरुले जोड दिए । अडानले आर्थिक वर्ष २०८०/०८१ मा सदस्यता नविकरण गर्ने नयाँ सदस्ता थप्दै जाने, लेखापरीक्षण व्यवसायिलाई थप मर्यादित र प्रभावकारी बनाउँदै जाने बताएको छ । अडानका जिल्ला अध्यक्ष सोमप्रसाद पौडेलको अध्यक्षता, कोषाध्यक्ष राधेश्याम ज्ञवालीको स्वागत, सचिव हिरा आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# रेडक्रसको अर्धवार्षिक समीक्षा

**सरस्वती जिसी**


**गुल्मी,** साउन २१/नेपाल रेडक्रस सोसाइटी गुल्मी शाखाद्वारा कालीगण्डकी गाउँपालिकामा सञ्चालित सामुदायिक स्वास्थ्यका लागि एकिकृत पहल परियोजना २०२३ को अर्धवार्षिक समीक्षा गरिएको छ । स्वीस र ब्रिटिस रेडक्रसको आर्थिक सहयोग नेपाल रेडक्रस सोसाइटी गुल्मीको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेश शाखा र केन्द्रीय कार्यलयको प्राविधिक सहजीकरणमा कालीगण्डकीमा सञ्चालित परियोजनाको समीक्षा गरिएको हो ।

समीक्षामा रेडक्रसका कार्यक्रम अधिकृत मौसम श्रेष्ठले जनवरी, २०२३ देखि जुन २०२३ सम्म गरेका गतिविधि र उपलब्धिका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा सिकाइ आदान-प्रदान र आगामी दिनका चुनौतीबारे छलफल गरिएको थियो । वडा अध्यक्षहरूले आगामी दिनमा थप सशक्त भएर लाग्ने र कार्यक्रसँग सम्बन्धित विषयहरुमा पूर्ण स्वामित्व लिई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा रेडक्रसका केन्द्रीय स्वास्थ्य सेवा विभागका कार्यक्रम उपनिर्देशक बालकृष्ण सेढाई, रेडक्रसका केन्द्रीय सदस्य अनुप श्रेष्ठ, लुम्बिनी प्रदेश शाखाका उपनिर्देशक राजकुमार क्षेत्री, जिल्ला सभापति राजेन्द्र श्रेष्ठ, गाउँपालिका उपाध्यक्ष मञ्जु दर्लामी, शाखाका पदाधिकारी, वडाअध्यक्षहरु, कालीगण्डकी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्द्रबहादुर थापा, पालिकाका विषयगत शाखाका प्रमुखहरु, स्वयंसेविका, आमा समूह, जेष्ठ नागरिक, युवा समूहका प्रतिनिधि तथा परियोजना सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा गोष्ठी गरिएको रेडक्रस सोसाइटी गुल्मी शाखाका प्रकाश भट्टराईले जानकारी दिए । कालीगण्डकी उपशाखाका सभापति भमबहादुर आलेको अध्यक्षता, सरस्वती भण्डारीको स्वागत, पालिकाका कार्यक्रम संयोजक खीम ओलीले सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# महिला क्रिकेट टोलीको प्रशिक्षकमा भारतकी देविका



**काठमाडौं,** साउन २१/भारतकी देविका दिलिप पालशिकर नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीको ब्याटिङ प्रशिक्षकको रुपमा जोडिएकी छिन् । नेपाल क्रिकेट संघ (क्यान) का अनुसार, ४४ वर्षीया पालशिकर नेपालको सिनियर राष्ट्रिय महिला टोलीसँग सल्लाहकार ब्याटिङ प्रशिक्षकका रुपमा जोडिएकी हुन् ।

नेपालको सिनियर राष्ट्रिय महिला क्रिकेट टोलीको प्रशिक्षकका रुपमा नियुक्त हुने पालशिकर पहिलो विदेशी हुन् । भारतीय टोलीकी पूर्वखेलाडी पालशिकर विगत लामो समयदेखि प्रशिक्षकको भूमिकामा सक्रिय छिन् । आफ्नो समयकी अलराउन्डर खेलाडी पालशिकरले भारतका लागि टेस्ट र एकदिवसीय दुवै प्रतियोगिता खेलेकी थिइन् । उनी पछिल्लो १० वर्षयता प्रशिक्षकको भूमिकामा सक्रिय छिन् । ब्याटिङ प्रशिक्षकका रुपमा पालशिकरको संलग्नताले नेपाली खेलाडीको क्षमता अभिवृद्धिमा मद्दत पुग्ने विश्वकप क्यानले लिएको छ । पछिल्लो समय नेपालको राष्ट्रिय महिला क्रिकेट टोली टीट्वान्टी विश्वकप छनोट प्रतियोगिताको तयारीमा व्यस्त छ । टीट्वान्टी विश्वकपको एसियाली क्षेत्रको छनोट प्रतियोगिता अगस्त २८ देखि सेप्टेम्बर ६ तारिखसम्म मलेसियामा आयोजना हुँदैछ । विश्वकपको एसियाली छनोटमा नेपालसहित ११ राष्ट्रको सहभागिता रहने छ । एसियाली छनोटमा नेपालका अतिरिक्त आयोजक मलेसिया, थाइल्यान्ड, संयुक्त अरब इमिरेट्स (यूएई), हङकङ, भुटान, चीन, बहराइन, कुवेत, कतार र म्यानमारले प्रतिस्पर्धा गर्नेछन् । एसियाली क्षेत्रको छनोटमा सहभागी अधिकांश टोली नेपालका लागि चिरपरिचित प्रतिद्वन्द्वी हुन् । नेपालले यसअघि पनि विभिन्न प्रतियोगितामा यी प्रतिद्वन्द्वीलाई हराइसकेको छ । एसियाली क्षेत्रको छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने दुई टोली ग्लोबल क्वालिफायर (विश्वस्तरिय छनोट प्रतियोगिता) मा प्रवेश गर्नेछ । विश्वस्तरिय छनोट प्रतियोगिता भने सन् २०२४ मा हुनेछ । विश्वस्तरिय छनोट प्रतियोगितामा दुई बलिया टोली श्रीलंका र आयरल्यान्डका अतिरिक्त विभिन्न महादेशबाट छनोट भएर आएका टोलीहरुको सहभागिता रहने छ ।


**वर्गिकृत डिस्प्ले**


*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# कारोबारको पहिलो दिन नै घट्यो नेप्से



**पाल्पा,** साउन २१/साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेको छ । आइतबार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा ३८ दशमलव ३७ अंकले घटेरको हो ।

नेप्से परिसूचक घटेर दुई हजार ५१ दशमलव ४७ बिन्दुमा कायम भएको छ । विभिन्न दुई सय ६५ कम्पनीका ८० लाख सात हजार तीन सय ६१ कित्ता शेयर ६१ हजार नौ सय १७ पटक खरिदबिक्री हुँदा दुई अर्ब ६८ करोड ७१ लाख ४८ हजार दुई सय ३४ मूल्यमा कारोबार भएका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक दुई सय ३७ दशमलव ९६ र निर्जीवन बीमा समूहको उपसूचक दुई सय २२ दशमलव ६० अंकले घटेको छ । बैंकिङ समूह २२ दशमलव ३४, विकास बैंक ९७ दशमलव ५१, वित्त ६२ दशमलव २७, होटल तथा पर्यटन दुई सय एक दशमलव ३८ र जलविद्युत समूह ४४ दशमलव ४९ अंकले घटेको छ । त्यस्तै, लगानी समूह शून्य दशमलव ८७, उत्पादन तथा प्रशोधन ८४ दशमलव ०१, लघुवित्त ६१ दशमलव ८२, म्युचुअल फन्ड शून्य दशमलव १५ व्यापार ६८ दशमलव २७ र अन्य समूह १७ दशमलव ०७ अंकले घटेको छ ।

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ भने प्रोग्रेसिभ फाइनान्स लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९५ प्रतिशतले घटेको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको चार लाख ४९ हजार सात सय ६१ कित्ता शेयर किनबेच भएको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सानिमा बैंक लिमिटेडको १२ करोड ६९ लाख ८२ हजार तीन सय तीन बराबरको कारोबार भएको छ ।


# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०४/२१**

प्रस्तुत सम्बन्धमा यस भुसलडाँडा माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/०७ गतेको बैठकको निर्णय र तानसेन नगरपालिकाको च.नं. १७५ मिति २०८०/०४/१६ गतेको अनुमती बमोजिम यस विद्यालयका लागि आवश्यक **बालविकास सहजकर्ता**को पदमा विज्ञापन गरिएको छ । उक्त रिक्त करार पदमा इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ । **बालविकास सहजकर्ता**को पदमा करारमा नियुक्तिका लागि देहाय बमोजिमका विवरण अनुसार तोकिएको म्याद भित्र दरखास्त आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

**१) विज्ञापन नं.** : ०१/०८०/०८१

**क) पद** : बालविकास सहजकर्ता

**ख) पद संख्या** : १ (एक)

**ग) आवश्यक न्यूनतम योग्यता** : शिक्षा विषयमा प्रमाणपत्र तह तथा +२ उत्तिर्ण भएको हुनुपर्ने ।

**२) आवश्यक कागजात** : नेपाली नागरिताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

**३) उमेर** : ४० वर्ष ननाघेको स्थानीय विवाहित महिला हुनुपर्ने,

**४) आवेदन दस्तुर** : ५००/-

**५) दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति** : २०८०/०५/०३

**६) सम्पर्क मिति** : २०८०/०५/०४

**७) परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता

**८) परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।

**९) सम्पर्क नं.** : ०७५५२२७८४, ९८४७०२८५४८, ९८५७०६०९८५ , ९८४७०४३३१९

**१०) तलब सुविधा** : प्रचलित नियम अनुसार

*(अनुभवीलाई विशेष प्राथयता दिइनेछ ।)*

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**

तानसेन-१, भुसलडाँडा, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई